सरायँ नाचमा रमाउदै दाङका महिलाहरु । पश्चिम नेपालमा पूर्णिमाको सरायँ नाचसँगै दशैंलाई बिदाई गरिएको छ ।

सामुदायिक वनको साधारण सभा

गैंडहवा । पोहवा मण्ठधारी बाबा सामुदायिक वन गैंडहवा वडा नं. ३, ४ र ५ को वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

साधारण सभाको उदघाटन गर्दै गैडहवा गाउँपालिका रुपन्देहीकी उपाध्यक्ष माधुरी जैसवालले सामुदायिक वनको संरक्षणमा उपभोक्ताहरुले देखाएको सक्रियताप्रति धन्यवाद दिइन् । उनले आफू यहींकै जनताले जिताएर पठाएको जनप्रतिनिधि भएकाले सामुदायिक वनको संरक्षणका क्रममा देखा पर्ने समस्या समाधान र स्थानीयका मुद्दाहरुमा हातेमालो गरेर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरिन् ।

जिल्ला वन कार्यालय रुपन्देहीका निमित्त प्रमुख मुकेश कुमार गुप्ताले उपभोक्ता आफैले संरक्षण गर्न सकुन भन्ने उद्देश्यले सामुदायिक वनको अवधारणा आएको स्पष्ट पार्दै वन संरक्षण र आर्थिक पारदर्शीतामा मुख्य जोड दिएर अगाडि बढ्न सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई आग्रह गरे ।

त्यस अवसरमा संस्थाका अध्यक्ष रामनारायण चौधरीले वार्षिक कार्ययोजनासहितको प्रतिवेदन प्रस्तुत गरेका थिए । उनले आर्थिक वर्ष २०७९/८० को आर्थिक प्रतिवेदनका साथै २०८०/८१ को कार्ययोजना समेटिएको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै उपभोक्ताको हित अनुरुप नै सामुदायिक वनले आफ्नो कार्ययोजनालाई अगाडि बढाएको दावी गरे ।

राष्ट्रिय संरक्षण तथा विकास केन्द्रकी कार्यक्रम अधिकृत शालिनी खरेलले उपभोक्ता र सामुदायिक वन एक अर्काका परिपुरक रहेको भन्दै वनको संरक्षणले मात्रै प्रकृतिको पनि संरक्षण हुने र मानव जीवनको रक्षा हुने बताइन् ।

त्यस अवसरमा लोण्डिहवा सशस्त्र बेसक्याम्पका प्रमुख तेजबहादुर थापा, सामुदायिक वनका रामहर्ख बर्ई, धर्मेन्द्र पासवान लगायतले मन्तव्य व्यक्त गरेका थिए । साधारण सभाले आर्थिक र वार्षिक प्रतिवेदन सर्वसम्मतरुपमा पारित गरेको छ ।

विक्री नभएको आलु सहकारीले किनिदिने

ढोरपाटन । बागलुङको गलकोट नगरपालिका-११ रिघाकी आशा श्रीषले व्यवसायिक तरकारी खेती गर्दै आएको वर्षौं भयो । गाउँमा उत्पादन गरेको तरकारी बजारीकरणमा निकै समस्या थियो । दैनिक गाडीमा तरकारी बजार पठाउँदा भाडा पनि उठाउन समस्या थियो । उत्पादनले उचित मूल्य पाउन गाह्रो थियो । अब आशाजस्ता सयौँ किसानले उत्पादन गर्ने तरकारी तथा फलफूलले मूल्य पाउने भएको छ ।

नगरपालिका र गौमुखी कृषि विकास सहकारीको सहकार्यमा हटिया बजारमा हाटबजार तथा तरकारी सङ्कलन केन्द्र सञ्चालनमा आएको छ । गलकोट क्षेत्रका अधिकांश नागरिक कृषि क्षेत्रमा आबद्ध भए पनि अहिलेसम्म हाटबजार सञ्चालन भएको थिएन । यही असोज २८ गते हाटबजार तथा तरकारी सङ्कलन केन्द्र स्थापना भएपछि कृषक हर्षित भएका छन् । एउटै गाउँमा दर्जनौँ कृषकले व्यावसायिक तरकारी खेती गर्दै आए पनि बजार र उचित मूल्य नपाउँदा समस्या भोग्दै आएको उनले बताए ।

गाउँमा रासायनिक मल प्रयोग नगरी जैविक तरकारी र फलफूल उत्पादन गर्दै आएको उनको भनाइ छ । अब बजार तथा ग्रामीण क्षेत्रको उत्पादनले सहज रुपमा बजार पाउने श्रीषले विश्वास व्यक्त गरे । उनले आफूले मौसमी र बेमौसमी तरकारी उत्पादन गरिरहेको भन्दै बजार नपाउँदा कुहिएर नष्ट हुँदा लाखौँ रुपैयाँ नोक्सानी भोग्नुपरेको स्मरण गरे। 'नगरपालिका र सहकारीले हाम्रो लागि ठूलो काम गरेको छ, धेरै किसान बजार नपाए विचलित हुनुभएको थियो, कयौँ कृषि पेसा छाडेर विदेश पनि जानु भयो, अहिले गर्दै आउनुभएका कुनै पनि किसानले आफ्नो पेसा छाड्न पर्दैन कि भन्ने आशा गरेका छौँ', श्रीषले भने, 'हाम्रो मुख्य समस्या बजार र मूल्यको थियो, गाउँमा धेरै बिक्री गर्न सकिँदैन, बजारमै ल्याउनुपर्छ, बजारमा ल्याउँदा गाडीको भाडा नै नउठ्ने डर हुन्थ्यो, अब सहज हुने भयो ।'

गलकोट-१ का कृषक रवीन्द्रबहादुर बुढाथोकी अब आफूजस्ता किसान ठगिन नपर्ने बताए । नगरपालिका र गौमुखी सहकारीले तरकारी तथा फलफूल बिक्रीका लागि मूल्य सूची बनाएको हुँदा उपभोक्ता तथा किसान कोही पनि ठगिन नपर्ने उनी बताउँछन् । गलकोट क्षेत्रमा लामो समयदेखि कृषि गर्दै आएका किसानले अब राज्य भएको अनुभूति गर्न पाउने बुढाथोकीको भनाइ छ । उनले भने, 'अब कृषकले जति उत्पादन गरे पनि खेर नजाने भो, बिक्री हुँदैन कि भनेर चिन्ता गर्ने दिन गए, हामीले जति उत्पादन गरे पनि हाटबजारमा ल्याएर बेच्ने छौँ, बजार-बजारमा पनि गएर बिक्री गर्न पाइने छ, बिक्री नभएको तरकारी र फलफूल सहकारीले राख्ने र त्यसको मूल्य हामीहरुलाई उपलब्ध गराउने छ, अब हामीहरु उत्साहका साथ उत्पादनमा लाग्ने छौँ, पहिले नै यो काम भएको भए धेरै मान्छेहरु व्यावसायिक तरकारी खेतीमा लाग्ने थियौँ ।'

गौमुखी कृषि विकास सहकारी संस्थाका अध्यक्ष शिवकुमारी खत्रीले आफूहरुले विसं २०६४ देखि थालेको प्रयास अहिले सफल भएको बताए । सहकारीमार्फत किसानको समस्या समाधान गर्न, उनीहरुलाई प्रविधिसँग जोड्न र आयआर्जनलाई बलियो बनाउनका लागि लामो समयदेखि काम गर्दै आएको अध्यक्ष खत्रीको भनाइ छ ।

अघिल्लो वर्षदेखि नगरपालिकासँग सहकार्यमा जग्गा व्यवस्थापन गरी हाटबजार र सङ्कलन केन्द्र निर्माणपछि सञ्चालन सुरु गरिएको बताए । हाटबजार हप्तामा एक दिन सञ्चालन गर्ने र बिक्री नभए किसानको तरकारी तथा फलफूल प्रत्येक दिन आफूहरुले राखिदिने उनले बताए । किसानको बिक्री नभएका वस्तु प्रशोधन गरी विभिन्न परिकार बनाउने अध्यक्ष खत्रीको भनाइ छ । प्रशोधनका लागि मेसिनसमेत खरिद गरिसकेको उनी बताउँछन् ।

'अब किसानका कुनै पनि उत्पादन नोक्सान हुने छैनन्, उहाँहरुले बेच्न सकेको बेच्नुहुन्छ, नसकेको हामीले राखेर उहाँहरुलाई रकम दिन्छौँ, उहाँहरुले बेच्ने मूल्यभन्दा प्रतिकिलो रु पाँच बढी रकम उपलब्ध गराउँछौँ", अध्यक्ष खत्रीले भने, 'कृषि गर्दै आएका कृषकहरु ठगिएको अवस्था थियो, जसले धेरै दुःख गरेर उत्पादन गर्छ, त्यसले उचित मूल्य पाएको थिएन, उपभोक्ताले पनि महङ्गोमा उपयोग गर्नु पर्थ्यो, उहाँहरुले जति उत्पादन गर्नुहुन्छ, बिक्री भएन भनेर चिन्ता गर्नु पर्दैन, हामीहरुले उहाँको उत्पादन राख्छौँ, अब कृषकहरु उत्पादनमा लाम्नुपर्छ ।'

नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले किसानलाई व्यावसायिक बनाउनका लागि हाटबजार सञ्चालनमा ल्याइएका बताए । यहाँका हरेक घरमा फलफूल तथा तरकारी उत्पादन हुने र बिक्री नहुँदा यतिकै खेर गइरहेको हुँदा नगरपालिकाभित्रका सबै नागरिकको आयआर्जनमा टेवा पुर्याउनका लागि नगरपालिकाले १० रुपैयाँलाख विनियोजन गरी सहकारीसँग सहकार्यमा हाटबजार तथा तरकारी सङ्कलन केन्द्र सञ्चालन गरेको उनी बताउँछन् ।

हाटबजार सञ्चालनसँगै नगरपालिकाले किसानलाई उन्नत जातका बीउबिजन वितरण, आवश्यक अनुदान, तालिम तथा पराशर्म र प्राविधिक सहयोग गर्दै आएको प्रवक्ता भण्डारी बताउँछन् । रासस

अलपत्र...

उनी पहिलो कार्यकालका लागि सन् २०१६ मा महासचिवमा नियुक्त भएका थिए ।

यसअघि सन् २००८ संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव वान की मुनले नेपाल भ्रमण गरेका थिए । यतिखेर मुनले पनि लुम्बिनी भ्रमण गरेका थिए । गुटेरेस संयुक्त राष्ट्रसंघका नवौँ महासचिव हुन् । हालसम्म लुम्बिनी भ्रमण गर्ने गुटेरेस छैटौँ महासचिव बन्दै छन् ।

महासचिव गुटेरेसको प्रतिनिधिमण्डलमा राष्ट्रसंघको शान्ति अप्रेसनसम्बन्धी उपमहासचिव जिन पिर्रे, नेपालका लागि राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगर हाम्डी तथा अन्य उच्च अधिकारी हुनेछन् । उनको सुरक्षाको सम्पूर्ण जिम्मा नेपाली सेनाले लिएको छ । सन् २०१७ जनवरी १ मा महासचिव भएका गुटेरेसको महासचिवका रूपमा यो पहिलो नेपाल भ्रमण हो । यद्यपि, उनी यसअघि भिन्न हैसियतमा नेपाल आइसकेका छन् ।

शान्ति...

शान्ति स्थापनाका लागि विश्वभरका शान्ति मिसनमा नेपालको उपस्थिति त्यसैको नतिजा हो । महासचिव गुटेरेसले विगत बीस वर्षमा नेपालको प्रगति अचम्मको रहेको पनि बताए ।शान्ति कायम गर्दै गणतन्त्रको स्थापना, दिगो विकास लक्ष्य हासिल गर्न तथा जलवायु परिवर्तनविरुद्ध नेपाल लागि परेको छ, नेपाल आगामी केही वर्षमै अल्पविकसित देशबाट माथि उठ्न तयार भइरहेको छ,–उनले भने । उनले नेपाल आफ्नो कुनै संलग्नता नै नभएको विश्वव्यापी संकटको आँधीमा पनि फसेको बताउँदै त्यसलाई हल गर्न अन्तर्राष्ट्रिय पहल आवश्यक रहेको बताए ।विकसित देशहरूले नेपाल जस्तो राष्ट्रलाई कोभिड-१९ महामारी, मुद्रास्फीति र जलवायु परिवर्तनले निम्त्याएको ठूलो खतरासँग जुझ्न मद्दत गर्नुपर्छ,– उनले भनेयस यात्रामा म जलवायु संकटको भयावह प्रभाव आफैं हेर्न हिमालयको भ्रमण गर्नेछु ।

महासचिव गुटेरेसले नेपालले विगत तीस वर्षमा एक तिहाइ हिंउ गुमाएको बताउँदै यहाँका हिमनदीहरू उच्चदरमा पग्लिरहेको प्रति चिन्तासमेत प्रकट गरे ।

समुदायहरूमा यसको प्रभाव विनाशकारी छ र म हिमालयमा बस्ने स्थानीयहरूको कुरा सुन्न उनीहरूलाई भेट्नेछु । उनीहरू कसरी प्रभावित छन् भनेर प्रत्यक्ष रूपमा बुझ्ने छु– उनले भने ।

उनले भगवान बुद्धको शान्तिको शिक्षा अहिलेको समस्याग्रस्त संसारमा पहिले भन्दा सान्दर्भिक रहेको बताउँदै आफूले लुम्बिनीको पनि भ्रमण गर्न लागेको उल्लेख गरे ।

मेडिकल...

पास भएका इन्टरनशीप भएका विद्यार्थीहरुलाई पनि न्यूनतम पारिश्रमिकको प्रावधान पनि नरहेको अवस्थामा, उल्टै ड्रेस कोड थपेर आर्थिक भार बढाईएको र यही सन्दर्भ बनाएर इन्टरनसीपको ओरिएन्टेशन पनि स्थगित गरी भविष्य माथी खेलवाड गरिएको विद्यार्थीहरुले बताएका छन् । विद्यार्थीहरुले प्रिन्सिपलले राजीनामा दिनुपर्ने, नयाँ ड्रेस कोड लागू नगरी पहिलेको जस्तै यथावत राख्नुपर्ने, इन्टरनशीप भएकाको ओरिएन्टेशन सुरु गर्नुपर्ने, मागको तुरुन्त सम्बोधन गरी कक्षा यथाशिघ्र सञ्चालन गरी सस्पेन्ड भएको अवधिको हाजिर पाईनुपर्ने लगायतका ७ बुदे माग राखेको आन्दोलनरत विद्यार्थी अशोक पाण्डेले बताए ।

आन्दोलित एमबीबीएस तेस्रो, चौथो र पाचौँ वर्ष र इन्टर्नका विद्यार्थीहरुमा पोशाक लगाउनु पर्ने अनिवार्य गरेको विषयमा विवाद उत्पन्न भएको थियो । विद्यार्थीहरू अस्पतालमा ड्यूटीमा जाँदा बिरामीले चिन्न सक्ने गरी कलेजले पोशाकको तय गरेको थियो । यसअघि बेसिक साइन्स(पहिलो र दोस्रो वर्ष) अध्ययन गर्दा मात्रै पोशाक हुन्थ्यो । त्यो भन्दा माथिल्लो वर्षमा पोशाक थिएन । विद्यार्थीहरुले आफूखुसी लुगा लगाएर आउने र त्यसमाथि गाउन लगाउने गर्थे । करिब डेढ महिना अगाडि नै पोशाक अनिवार्य लगाएर आउन भनी सूचना जारी गरिएको थियो । कक्षा सुरु हुदा पनि विद्यार्थीले पोशाक लगाउन मानेका थिएनन । कलेजले तोकेअनुसार पोशाक लगाएर नआएपछि प्रिन्सिपल डा.पाठकले कक्षा बन्द गर्न आदेश गरेकी थिइन । त्यसपछि यही विवाद बढ्दै जाँदा विद्यार्थीले प्रिन्सिपल कार्यकक्ष अगाडि बसेर विरोध जनाउदै आएका थिए ।

प्रिन्सिपल डा. लक्ष्मी पाठकले विद्यार्थीहरुले बन्धक बनाएर राखेको बताउँदै आएकी थिइन । क्याबिन अगाडि विद्यार्थीहरुले धर्ना दिदै बाहिर जान दिएका थिएनन् । त्यस विषयमा वार्ता गर्न दुई पटक लिखित अनुरोध गर्दा पनि उनीहरुले नटेरेको पाठकको गुनासो छ । समस्या समाधानका लागि विद्यार्थी, प्रशासन र प्रिन्सिपल बाहिर जान नसक्ने अवस्था आएपछि प्रशासनको रोहवरमा छलफल भएको थियो । प्रमुख जिल्ला अधिकारीसहितको छलफलमा प्रजिअ गएसँगै प्रिन्सिपल पनि विना समस्या सुनुवाई गरी गएपछि विद्यार्थीहरु थप आक्रोसित भएसँगै अहिले रिले अनसन सुर गरेका छन । उनीहरुले माग पुरा नहुँदासम्म आन्दोलन जारी राख्ने र छलफलबाट सबै कुरा पारदर्शी हुनुपर्छ भन्ने माग राखेका छन् । विद्यार्थीहरुले बाहिरंग र आकस्मिक सेवामा कुनै अवरोध नगरी कलेजको प्रशासनमा ताला बन्द गरेको बताएका छन् ।

हिन्दु नेपालीहरु दसैं मनाउन व्यस्त हुदा भने युसिएमएसका विद्यार्थीहरू भने अनशन कायम राख्दै त्यही नै टिका पनि लगाए । अहिले सामूहिक रुपमा विद्यार्थीहरु ओपिडी ब्लक अगाडि बसीरहेका छन् ।

मेडिकल कलेजका जनसम्पर्क अधिकृत सुशिल गुरुङले आन्दोलनरत पक्षसँग हामी अनौपचारिक रुपमा छलफल गएसँगै प्रिन्सिपलको मुख्य माग नै प्रिन्सिपलको राजिनामा रहेकोले सहमति जुट्न नसकेको बताए । अरु मागहरुको अस्पताल प्रशासन सकारात्मक रहेको छ, प्रिन्सिपलको राजिनामा नआएसम्म पछि नहुने भन्ने अल्टिमेटम आन्दोलनरत पक्षको रहेको उनले भने । 'अस्पताल बन्द भन्ने छैन ओपिडीहरु पनि चलेकै छन । मुख्य कुरा इन्टर्न, जिआर लगायतको टिमबर्कले चल्ने अस्पतालमा केहीले काम नगर्दा स्वास्थ्य सेवामा अवरोध आएको हो, गुरुङले भने । विद्यार्थीहरुले प्रिन्सिपल प्रा.डा लक्ष्मी पाठकको राजीनामालाई पहिलो शर्त बनाएकोले सहमति जुट्न नसेकेको हो ।

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८०/०७/१३

यस भूमिकास्थान नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रमा रिक्त रहेको प्राविधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले तपशिल बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको भौचर सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

क्र.स.	विज्ञापन नं.	पद	तह	संख्या
१	३/०८०/८१	प्राविधिक सहायक	स्थानीय सेवाको सहायक पाँचौ तह सरह	१(एक) जना

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः
   - सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,
   - दरखास्त दिने अन्तिम मितिमा कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
   - कम्तीमा घ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
   - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव र उत्कृष्ट पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएकोलाई गाह्रयता दिइनेछ ।
२. दरखास्त दिने स्थानः भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची
३. दरखास्त दिने अन्तिम मितिः २०८०/०७/२८ गते, कार्यालय समय भित्र
४. आवेदनको दस्तुरः रु ५०० (पाँच सय मात्र), भूमिकास्थान नगरपालिकाको प्रभुबैंकमा रहेको आन्तरिक राजस्व खाता, खाता नं. २५८७०८६९८६८००१३८ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ ।
५. दरखास्त फारम र पाठ्यक्रमः यस भूमिकास्थान नगरपालिकाको website तथा कार्यपालिकाको कार्यालयमा उपलब्ध हुनेछ ।
६. छनौटको किसिमःप्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा
७. आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरुः
   - नागरिकता - न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   - चारित्रिक प्रमाणपत्र - तालिमको प्रमाणपत्र
   - अनुभव भए सोको कागजात - २ प्रति पासपोर्ट साइजको फोटो
८. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।
९. काम गर्नुपर्ने स्थानः भूमिकास्थान नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका १० वटै वडाहरु ।
१०. परीक्षा मितिः संक्षिप्त सूची (Shortlisting) को सूचीसँगै प्रकाशित गरिनेछ ।
११. रित पूर्वक प्राप्त नभएका र म्याद नाघी आएकका दरखास्त उपर कुनै कारवाही हुनेछैन । अन्य जानकारीको लागि ९८५७०६९९८१, ९८५७०८६९०० र ९८५७०६३५७६ मा सम्पर्क गर्न सकिने छ ।
१२. सूचनामा उल्लेखित नभएका अन्य विषयहरु प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

द्रष्टव्यः मिति २०८०/०७/२६ गते देखि मिति २०८०/०७/३० सम्म तिहार विदा परेकोले विदा पछि कार्यालय खुल्ने पहिलो दिनसम्म दरखास्त लिइनेछ ।

Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।

लोडसेडिङको बेला पनि सेवा दिइने छ ।

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार